# पारिश्रमिक

・तलब भुक्तानी मिति भइसकेको भए तापनि तलब भुक्तानी गरिएको छैन।
・मैले राजीनामा दिएँ तर कम्पनीले अन्तिम तलब भुक्तानी गर्दैनौं भनेर भन्यो।

---

**1. सुरुमा माग गर्नुहोस्।**

पारिश्रमिक भुक्तानी नगरिने अवस्थामा विभिन्न परिस्थितिहरू हुन सक्छन्। जस्तोसुकै परिस्थिति भए तापनि कामदार आफैले माग गर्ने कुराबाट पहिलो कदम सुरु हुन्छ। समय बित्दै गयो भने सत्यतथ्यहरू अस्पष्ट हुने, प्रमाणहरू पनि समयसँगै हराउँदै जाने गर्छ। साथै 2 वर्ष भित्र पारिश्रमिक माग गरेन भने समयसीमा समाप्त हुने हुनाले तुरुन्तै आवश्यक कदम चाल्नुहोस्। कानुन संशोधन गरिएकोले पारिश्रमिकको समयसीमा केही समयको लागि 3 वर्ष भएको छ। तर रेइवा 2 साल मार्च 31 तारिखसम्ममा तलब भुक्तानी मिति आएको पारिश्रमिकको समयसीमा 2 वर्ष हुन्छ।

एकपटक पनि माग वा निश्चय नगरेको खण्डमा, सुरुमा मौखिक रूपमा माग गरी, किन भुक्तानी नगरिएको हो, भुक्तानी गर्ने भए कहिले भुक्तानी गर्ने र त्यसका साथै भुक्तानी नगरिएको रकम पनि निश्चय गर्नुहोस्। यस्तो अवस्थामा भुक्तानी गर्ने दिशा तर्फ कुरा अघि बढेमा, कम्पनीलाई भुक्तानी नगरिएको रकम र भुक्तानी मिति लेख्न लगाई लिखित पत्र लिनुहोस्।

साथै श्रम सम्झौता पत्र, कार्य नियमावली, पारिश्रमिक नियमावली, टाइम कार्ड आदि माग गरिएको प्रमाण हुने कागजात प्राप्त गरेर राख्नुहोस्।

**2. कम्पनीले भुक्तानी नगरिनुको कारण भनेको खण्डमा**

आफ्नै निर्णयले काममा आउन छोडेकोले, काम छोडेको तरिका खराब भएकोले जस्ता कुराहरूलाई कारण बनाई पारिश्रमिक भुक्तानी नगर्ने कुरा स्वीकार्य हुँदैन। वास्तविक रूपमा काम गरेको भागको पारिश्रमिक भुक्तानी नगरीकन हुँदैन। रोजगारदाताले एकतर्फी रूपमा कम्पनीलाई नोक्सानी पुर्‍याएको क्षतिपूर्तिको रूपमा पारिश्रमिक कटाएर हिसाब मिलाउन पनि पाउँदैन।

साथै कम्पनीको व्यवस्थापन (आर्थिक) कारणले गर्दा भुक्तानी गर्न चाहेर पनि भुक्तानी गर्न नसक्ने स्थिति पनि हुन सक्छ। तर त्यसो भन्दैमा त्यो भुक्तानी गरे पनि हुने कारण हुँदैन।

**3. वाचा गरिएको रकम भन्दा कम पारिश्रमिक भएको खण्डमा**

आधारभूत तलब नियुक्तिको बेला वाचा गरिएको रकम भन्दा कम भएको अवस्थामा पनि सर्वप्रथम, रोजगारदातासँग सुरुमा गरिएको सम्झौता विवरण निश्चय गर्नुहोस्। यो अवस्थामा नियुक्तिको बेलाको पारिश्रमिक रकम लेखिएको श्रम सर्त सूचना पत्र लिखित रूपमा आफूलाई दिन माग गर्नुहोस्।

रोजगार सुरक्षा कार्यालयको जागिरको सूचना पत्र, जागिरको विज्ञापनको प्रतिलिपि आदि पनि सुरक्षित साथ राख्नु राम्रो हुन्छ। सुरुमा गरिएको सम्झौताको पारिश्रमिक रकम स्पष्ट नभएमा समस्या समाधान गर्न गाह्रो हुन सक्छ।

**4. मैले कम्पनीसँग माग गरें तर भुक्तानी गरिएन।**

शंका लागेको कुरालाई त्यत्तिकै नछोडी, कानागावा जिल्लाको विदेशी नागरिकहरूको लागि श्रम सम्बन्धी परामर्श काउन्टरमा फोन गरी वा प्रत्यक्ष रूपमा आएर परामर्श गर्नुहोस्।

काउन्टरमा अनुवादक मार्फत समस्याको समाधानका उपायहरूबारे सल्लाह दिने, अवस्था अनुसार कम्पनीमा सम्पर्क गरी सत्य कुरा निश्चय गर्ने जस्ता कुराहरू गरी सम्बन्धित पक्षहरू आफै समाधानमा पुग्न मद्दत गरिन्छ।

कम्पनीले छलफल टार्न खोज्ने, कम्पनीबाट कुनै स्पष्टीकरण पनि प्राप्त गर्न नसक्ने वा छलफलबाट कुनै निष्कर्ष ननिस्कने जस्ता अवस्थाहरूमा सामग्री प्रमाणित हुलाक पत्रद्वारा पारिश्रमिकको भुक्तानी माग गर्नु प्रभावकारी हुने अवस्था पनि हुन्छ। सामग्री प्रमाणित हुलाक पत्रमा प्रायः भुक्तानी मितिका साथै भुक्तानी नगरिएको खण्डमा कानुनी प्रक्रिया अपनाइने कुरा स्पष्ट रूपमा लेख्ने गरिन्छ। हामी यस्ता सामग्री प्रमाणित हुलाक पत्रको प्रतिलिपि जस्ता माग गरेको भए तापनि भुक्तानी नगरिएको कुरा प्रमाणित हुने कागजातहरू तयार गरेर राख्न र भुक्तानी नगरिएको रकम निर्धारण गरेर राख्न सुझाव दिन्छौं।

---

**पुष्टि गर्नुहोस्।**

□ तपाईंले कम्पनीसँग माग गर्नुभयो?
□ कम्पनीले भुक्तानी नगरिनुको कारणको स्पष्टीकरण दियो?
□ भुक्तानी नगरिएको रकम, गणना विधि, तलब भुक्तानी मिति आदि स्पष्ट छन्?
□ समयसीमा नाघिसकेको छ?
□ तपाईंसँग अहिलेसम्मको तलबको विस्तृत विवरण पत्र छ?
□ तपाईंसँग सम्झौता पत्र र कार्य नियमावली छ?

---